नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 12 Monthly International Edition of Herald of His Coming December 2024

वर्ष २५, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०८१)

जागृति ल्याउने प्रार्थना

(The Prayer that Brings Ravival)

By Ernest M. Wadsworth

"तिनीहरुले प्रार्थना गरिसकेपछि तिनीहरु भेला भएको ठाउँमा कम्प भयो र तिनीहरु सबैजना पवित्र आत्माले भरिए र तिनीहरुले साहससित परमेश्वरको वचन बोले। विश्वास गर्नेहरुको समुह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरुमध्ये एउटाले पनि आफ्नो धनसम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरुका सबैथोक साझा थिए। ती प्रेरितहरुले बढो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे र तिनीहरु सबै माथि ठूलो अनुग्रह रहेको थियो।" (प्रेरित ४ :३१ - ३३)

जागृतिको प्रार्थना अरु प्रार्थनाहरु भन्दा अलि फरक हुन्छ। यस्ता प्रभावकारि प्रार्थनाका धेरै उदाहरणहरु बाइबल भरी दिइएको छ। ती प्रार्थनाहरुमा हामीले अरु प्रार्थना भन्दा अलि फरक कारण देख्दछौं। त्यो प्रार्थनामा परमेश्वरलाई उत्प्रेरित पार्ने अनौठो शक्ति हुन्छ। पेन्तिकोसको दिन तिनीहरुले प्राप्त गरेको अज्ञात रहस्य तिनीहरुमा निहित हुन्छ। तिनीहरुले प्रार्थनामा परमेश्वरले सबैभन्दा बढ्ता मन पराउने कुरालाई अँगालेका हुन्छन्। परमेश्वरले तिनीहरुलाई महान उत्साह दिनुहुन्छ र जसले तिनीहरुलाई परमेश्वरसँग मिलापमा लैजान्छ। तिनीहरुले आत्माको इच्छालाई आवाज दिन्छन्।

प्रार्थनाद्वारा स्वर्ग हल्लिनेछ र आशीर्वादको वर्षा आउनेछ भन्ने कुरामा के तपाईंलाई कुने शंका छ? एलियाले यसैप्रकारले प्रार्थना गर्दा जागृतिको स्वर्गीय वर्षा यस पृथ्वीमा ल्याएका थिए। उनले यसरी प्रार्थना गरेका छन्।"मलाई जवाफ दिनुहोस्, हे परमप्रभु जवाफ दिनुहोस् र यी मानिसहरुले जानून कि तपाईं परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र तपाईंले नै तिनीहरुका मन फर्काउनुहुन्छ। तर परमप्रभुको आगो बर्स्यो र आगोले वलिदान, दाउरा ढुङ्गाहरु माटो भस्म पाऱ्यो र खाडलको पानी पनि सुकाइदियो।" (१ राजा १८ : ३७ - ३८)

यस्तै एज्राले गरेको जागृतिको प्रार्थनाले मानिसहरुको बिचमा शुद्धिकरण प्राप्त गरायो। पुराहारी र मानिसहरुले आफ्ना आफ्ना छोराहरुलाई जस जसलाई जो जो मन पर्यो त्यसैलाई श्रृमती बनाएका थिए। यहाँ पवित्र बीज भ्रष्ट भएको छ। यो अपराधको प्रमुख कारण शासकहरु र राजकुमारहरु नै थिए। एज्राले यसरी प्रार्थना गरे "हे मेरा

परमेश्वर, हे मेरा परमेश्वर, म मेरो हात तपाईं तिर पसार्न र मेरो मुहार तपाईंतिर फर्काउने लज्जीत छु । किनकी हाम्रा अपराधहरु हाम्रै शीर माथि बढेका छन् र हाम्रो अपराध स्वर्ग सम्मै पुगेको छ । जब एज्राले परमेश्वरका भवनको अगि लम्पसार पर्दै, प्रार्थना गर्दै पश्चाताप गर्ने र रुदै थिए, तब परमेश्वरको एउटा ठूलो भीड लोग्ने मानिस, स्वास्नी मानिस र केटाकेटाहिरु तिनको चारैतिर भेला भए तिनीहरु पनि धुरुधुरु रोए । तब एलामका परिवारका एकजना एहीएलका छोरा सकन्याले एज्रालाई भने "हाम्रा चारै तिरका विदेशी मानिसहरुका छोरीहरुबाट पत्नीहरु ल्याएर हामीले आफ्ना परमेश्वरको विरुद्धमा अपराध गरेका छौं तर यसो भएतापनि इस्राएलको निम्ति अझै केही आशा छ । यसकारण मेरा प्रभुको र हाम्रा परमेश्वरका आज्ञादेखि डराउनेहरुको सल्लाह अनुसार अब यी सबै स्वास्नी मानिसहरु र तिनीहरुका छोरा छोरी सबैलाई त्यागिदिने हामी अझै हाम्रा परमेश्वर सित वाचा बाधौं ।" (एज्रा ९ : ६ र १० : १ - ३) यसरी परमेश्वरले सम्पूर्ण राष्ट्रलाई वचाउनु भयो ।

पन्तिकोषको दिन प्रेरितहरु र अरुहरुले अनुभव गरेको जागृति पहिलो हो भने दोश्रो, यो ४ : २४, २९ - ३१ सम्म देख्न सकिन्छ । ".....तिनीहरुले एकसाथ परमेश्वर तिर आफ्ना सोर उचाली भने, "हे प्रभु जसले स्वर्ग, पृथ्वी, समुन्द्र र तिनमा भएका यावत थोक बनाउनुभयो, जसले पवित्र आत्माद्वारा आफ्नो सेवक हाम्रा पुर्खा दाऊदको मुखबाट भन्नुभयो ।" (४ : २४)" अब हे प्रभु, तिनीहरुका धम्कीमाथि नजर गर्नुहोस् र तपाईंका दासहरुलाई पुरा साहस सित तपाईंको वचन बोल्न दिनुहोस् र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनु हुँदा आफ्ना पवित्र सेवक येशूको नाउँमा चिन्ह र आशचर्म कर्महरु होउन् । तिनीहरुले प्रार्थना गरिसकेपछि तिनीहरु भेला भएको ठाउँमा कम्प भयो, र तिनीहरु सबै जना पवित्र आत्माले भरिए, र तिनीहरुले साहससित परमेश्वरको वचन बोलें ।" (४:२९ - ३१)

जागृतिको प्रार्थनालाई विभिन्न नाउँहरु दिइएको छ अब हामीले यसका विशषेताहरुलाई हेर्नेछौं ।

(१) जागृतिका प्रार्थना चिच्याउने (विलापको प्रार्थना) हो । दासत्वको समयमा इस्राएलीहरुले यसरी नै प्रार्थना गर्दथे । तिनीहरुले परमेश्वरसँग चिच्याएर विलाप गर्दै, प्रार्थना गरे । (प्रस्थान २ : २४) शमूएलले इस्राएललाई गरेको अन्तिम संवोधनमा यसरी प्रार्थना गरेका छन् । "तिम्रा पुर्खाहरुले परमेश्वरलाई पुकारे, त्यसपछि परमेश्वरले मोशा र हारुनलाई पठाउनुभयो, जसले तिम्रा पुर्खाहरुलाई मिश्रबाट वाहिर ल्याए ।" (१ शमूएल १२ : ८) जब परमेश्वरले आफ्ना भक्तहरुको एकदमै विलाप पूर्ण आवाज निकालेको देख्नुहुन्छ । त्यसलाई सुन्नुहुन्छ र उत्तर दिनुहुन्छ । (रोमी ८ : २६)

(२) जागृतिको प्रार्थना लाजमा पार्ने प्रार्थना हो ।

हामीले एज्राको उदाहरणलाई हेरौ, उनले यसरी परमेश्वर गरेका छन् "हे मेरा परमेश्वर, मेरा परमेश्वर म तपाईंप्रति मेरो मुहार उठाउन लज्जित छु किनकि हाम्रा पापहरु हाम्रो शीरमाथि बढेका छन् हाम्रो अपराध स्वर्गसम्मै बढ्दै गएको छ ।"

उनले लाजमर्दो अनुहारका साथ आफ्ना मानिसका पापहरुलाई स्विकार गरे । अपराधलाई स्विकार गर्ने यो असल तरिका हो । पश्चातापी हृदयबाट आउने प्रार्थना यस्तै हुन्छ । परमेश्वरको विरुद्धमा गरेका पापहरुको लेखि लाज र उहाँसँग ठिक संगत गर्न एउटा असल उत्साह यस्तै हो । मुहार लुकाएर गरिने प्रार्थना यस्तै हो, जसलाई परमेश्वरले सुन्नुहुन्छ र इज्जत गर्नुहुन्छ ।

(३) जागृतिको प्रार्थना समर्पणको प्रार्थना हो ।

येशूले गेतसमनीमा गरेको प्रार्थना (मत्ती २६ : २९) यसको एउटा असल उदाहरण हो । विभिन्न हुन आउने विक्रिति र विसंगतिको विरुद्धमा

यस्ता प्रार्थना गर्न सकिन्छ । जब मानिसले आफैलाई समर्पण गरेर प्रार्थना गर्छन् तब परमेश्वरले स्वर्गबाट सुन्नुहुन्छ । जब मानिसहरुले परमेश्वरको मुखामुख गरेर प्रार्थना गर्छन् त्यहाँ जागृति आउनेछ ।

(४) जागृतिको प्रार्थना प्रायश्चितको प्रार्थना हो,

खीष्टले पाप नजान्नु हुने हाम्रा निम्ति पाप वनिदिनु भयो । परमेश्वरले हाम्रो पापको खातिर खीष्टलाई मर्न यस पृथ्वीमा पठाउनुभयो । उहाँ हाम्रो प्रायश्चित हुनुहुन्छ ।" जसले आफ्नो निज पुत्रलाई वाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो के उहाँले हामीलाई सबै थोक उहाँको खातिर दिनुहुने छैन र ?" (रोमी ८ : ३२) खीष्टको प्रायश्चितमा सहभागि भएर गरेको प्रार्थनाले जागृति ल्याउँदछ।

(५) जागृतिको प्रार्थना करारमा आधारित प्रार्थना हो ।

नयाँ करारको करारलाई रद्द गर्न सकिदिने, यो अपरिवर्तनिय करार हो । परमेश्वरको जनले प्रार्थना गर्दा स्वर्गका परमेश्वरसँग नयाँ करारको प्रतिज्ञालाई दावा गरेर प्रार्थना गर्न सक्दछन् । नयाँ करार पक्का भएको छ । जसले पूर्ण विश्वासमा स्वर्गको ढोकालाई खुलाउन सक्दछ । नयाँ करार सहितको प्रार्थनाले साँचो जागृति ल्याउन सहायता मिल्छ । हो, यो त्यस्तै प्रार्थना हो ।

(६) जागृतिको प्रार्थना संयुक्त प्रार्थना हो ।

जागृतिको लागि प्रार्थनामा एकता र सहभागिता आवश्यकता पर्दछ । एकताको प्रार्थनाले जवाफ मिल्दछ । जागृतिवादीहरु र सुधारवादीहरुले प्रार्थनाको महत्वलाई राम्रोसँग बुझेका थिए । नयाँ बेलायतका जागृतिका पिता जोनाथ न एडवर्डले हृदयको भित्री भाग देखिनै परमेश्वरसँग झुकेर प्रार्थना गरेका थिए । उनले परमेश्वरका मानिसहरुलाई प्रार्थनाको आव्हान गरिरहन्थे । उनी यसरी मानिसहरुलाई उत्साह दिन्थे मण्डलीले परमेश्वरको उपस्थिती थाहा पाउनु पर्दछ र उहाँका पवित्र प्रतिज्ञाहरुलाई थाहा गर्दै प्रार्थना गर्नु पर्दछ । प्रार्थनाले परमेश्वरसँग मानिसहरुको मिला गर्दछ । वेलायतमा त्यतिबेला प्रार्थनाका समूहहरु निर्माण गरिएको थियो, मानिसहरुको मनमा प्रार्थना गर्नुपर्दछ भन्ने भावना जागेर आयो । कति रातहरु त प्रार्थनामा बित, उनले प्रवचन प्रचार गर्नु भन्दा पहिले सारा मण्डली रातभर प्रार्थनामा समय बिताउँथे । त्यसैले गर्दा उनको प्रवचन "क्रोधित परमेश्वरको हातमा वादी मानिसहरु" एकदमै प्रभावकारी भयो ।

हामीले पनि प्रार्थनामा परिश्रम गर्न अतिनै आवश्यक छ । हामी परमेश्वरको अगाडि झुक्ने कारण छ । यो एकतामा रहेर चिच्याउँदै उहाँको करारमा रहेर प्रार्थना गर्ने ठिक समय हो । आज मण्डली अधर्मतिर गएको छ, अधर्मि मानिसहरु एकदमै शाहसी भएका छन्, धेरै युवाहरु उदासिन छन्, परमेश्वरका सेवकहरुलई तिरस्कार गरिएको छ । शत्रुले मण्डलीलाई ठट्टा गरिरहेको छ, र भक्तिहिनता प्रवल भएको छ।

आज हामी जस्तै दानिएल पनि यस्तै कठिनाईको समयबाट गुज्रीरहेका थिए । उनले आफ्नो मुहार परमेश्वरतिर फर्काए र उहाँको अगुवाई खोज्न प्रार्थनामा समय बिताए । आज हामीले पनि परमेश्वरको प्रतिक्षा गर्नुपर्दछ । हामीले परमेश्वरको अलौकिक उपस्थिति र शक्तिको अभिव्यक्तिहरु देख्नेछौं । जब हामी कोठामा वा घरमा बसेर प्रार्थना गर्दछौं आत्मिक संघर्ष हुने गर्दछ । आत्मिक स्तरको वृद्धि कष्टसँगै आउँदछ।

(७) जागृतिको प्रार्थना निस्वार्थ प्रार्थना हो ।

जागृतिको प्रार्थनामा मानिसहरुले परमेश्वरको महिमा र मण्डलीको कल्याण खोजि गरिन्छ । प्रेमले कहिलै स्वार्थपना ल्याउँदैन । आफ्ना मानिसहरुलाई बचाउनको लागि मोशा र पावल परमेश्वरको पुस्तकबाट तिनीहरुको नाम हटाइन पनि तयार थिए । (प्रस्थान ३२ : ३२, रोमी ९ :३) के आज हामीले पनि यसो भन्न सक्छौं "परमप्रभुलाई

धन्यवाद चढाओ, उहाँका नाउँको पुकारा गर, जातिहरुका विचमा उहाँले गर्नुभएका कार्यहरु प्रचार गर ।" (भजनसंग्रह १०५ : १) के आज हाम्रो प्रार्थना यस्तै प्रकारको छ।

पहिले पहिलेका मानिसहरु जसले जागृतिलाई महसुस गरेका थिए, तिनीहरुको प्रार्थना यस्तै प्रकारको थियो । जागृति हाम्रो बिचमा ल्याउने हो भने हाम्रो प्रार्थना प्रभावकारी र वोझिलो हुनुपर्दछ । साँचो प्रार्थनाले आत्मिक चिन्ता तिर लैजान्छ । जसरी मोशाले गरेका थिए । उनी प्रार्थनामा आफ्ना मानिसहरुले परमेश्वरका कामहरुलाई देखुन भनी एकान्तमा प्रार्थना गर्दथे । उनले यसो भन्दथे "प्रभु तपाईंको उपस्थित हामीसँग गएन भने यो भन्दा अगाडि हामीलाई न लैजानु होस् ।"

हाम्रो प्रार्थना निस्वार्थी हुन जरुरी छ, जसरी प्राचिन परमेश्वरका दासहरुले गरेका थिए । हाम्रो हृदयको भावनालाई स्वच्छ रुपमा परमेश्वरसँग राख्नुपर्दछ । के हामीले यसरी भन्न सक्छौं "हे परम प्रभु हाम्रा परमेश्वर, हामीलाई बचाउनुहोस्, तपाईंको पवित्र नाउँमा धन्यवाद चढाऊन्, र तपाईंको प्रशंसामा गौरव गरुन् भनेर, हामीहरुलाई जातिहरुका विचबाट एकत्र गर्नुहोस् ।" (भजनसंग्रह १०६ : ४७)

Taken and Edited from the Sunday school Times

दैनिक बाइबलका वचनहरू

Daily Word of God for Month of September

यी दैनिक बाइबलका वचनहरूले तपाईलाई हरेक दिन मार्गदर्शन, प्रोत्साहन, र आध्यात्मिक सशक्तिकरण प्रदान गर्नेछ ।

डिसेम्बर १: यशैया ४०:३१

वचन: "तर परमप्रभुलाई पर्खनेहरूले नयाँ शक्ति पाउनेछन्; तिनीहरूले गरुड जस्ता पखेटा उचाल्नेछन्; तिनीहरू दौडनेछन्, र थाक्ने छैनन्; तिनीहरू हिँडनेछन्, र अलमलिने छैनन् ।"

व्याख्या: यो वचनले हामीलाई परमेश्वरमाथि भरोसा गर्नेहरूले कहिल्यै थाक्ने छैनन् भन्ने कुरा सिकाउँछ । जब हामीले उहाँमाथि विश्वास गर्छौं, उहाँले हाम्रो आत्मा र शरीरमा नयाँ ऊर्जा दिनुहुन्छ । गरुड जस्तो उड्न सक्ने क्षमताले हामीलाई चुनौतीहरूको सामना गर्न सक्षम बनाउँछ ।

डिसेम्बर २: भजन २३:१

वचन: "प्रभु मेरो गोठालो हुनुहुन्छ; मलाई केही कमी हुनेछैन ।"

व्याख्या: गोठालो आफ्नो भेडाबाखाको हेरचाह गर्छ र तिनको सबै आवश्यकताहरू पूरा गर्छ । यसैगरी, परमेश्वर हाम्रा गोठालो हुनुहुन्छ, जसले हामीलाई सबै कुरामा रक्षा गर्नुहुन्छ र हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ ।

डिसेम्बर ३: रोमी ८:२८

वचन: "र हामीलाई थाहा छ कि जो परमेश्वरलाई माया गर्छन्, तिनीहरूको निम्ति सबै कुरा मिलेर राम्रो गर्नलाई काम गर्छ; जो उहाँको इच्छाअनुसार बोलाइएका छन् ।"

व्याख्या: हामीले आफ्नो जीवनमा देखिने चुनौतीहरू र दुखाइहरू परमेश्वरको योजना अनुसार मिलेर राम्रोको निम्ति कार्य गर्छन् । परमेश्वरले हाम्रा जीवनलाई आफ्नो योजनाको साथमा जोड्नुहुन्छ, जसले अन्ततः हाम्रो कल्याण गर्छ ।

डिसेम्बर ४: फिलिप्पी ४:१३

वचन: "मलाई बलियो पार्ने उहाँको माध्यमबाट म सबै कुरा गर्न सक्छु ।"

व्याख्या: हाम्रो बल सीमित हुन सक्छ, तर जब हामी परमेश्वरको शक्ति र सहयोगमा निर्भर गर्छौं, तब हामीले असम्भव देखिने कार्यहरू पनि पूरा गर्न सक्छौं । यो वचनले हामीलाई आत्मविश्वास र साहस दिन्छ ।

डिसेम्बर ५: यूहन्ना १४:२७

वचन: "म तिमीहरूलाई शान्ति छोडेर जान्छु, मेरो शान्ति तिमीहरूलाई दिन्छु; संसारले दिने शान्ति जस्तो होइन, मैले तिमीहरूलाई दिन्छु । तिमीहरूको हृदय चिन्तित नहोस्, न डराओस् ।"

व्याख्या: येशूले हामीलाई दिने शान्ति भौतिक दुनियाँमा पाइने शान्ति भन्दा फरक र अनन्त छ । यो शान्तिले हामीलाई कुनै पनि प्रकारको चिन्ता र डरबाट बचाउँछ, जसले हामीलाई आत्मिक रूपमा बलियो बनाउँछ ।

डिसेम्बर ६: प्रकाश ३:२०

वचन: "हे, म ढोकामा उभिएर ढक्ढक्याउँछु; कोही मानिसले मेरो स्वर सुनेर ढोका खोल्छ भने, म उहाँकहाँ प्रवेश गर्नेछु, र उहाँसँग भोजन गर्नेछु, र उहाँ मसँग ।"

व्याख्या: परमेश्वर सधैं हाम्रो जीवनमा

प्रवेश गर्न चाहनुहुन्छ, तर उहाँ हाम्रो स्वीकृति र आमन्त्रणको प्रतीक्षा गर्नुहुन्छ। जब हामी उहाँलाई हृदयमा स्वागत गर्छौं, उहाँसँगको सम्बन्ध गहिरो र घनिष्ठ बन्छ।

डिसेम्बर ७: मत्ती ६:३३

वचन: "पहिला उहाँको राज्य र उहाँको धार्मिकता खोज, र यी सबै कुरा तिमीहरूलाई थप गरिनेछ।"

व्याख्या: हाम्रो प्राथमिकता सधैं परमेश्वरको राज्य र धार्मिकता हुनुपर्छ। जब हामी हाम्रो जीवनलाई परमेश्वरका सिद्धान्तहरूको अनुसार चलाउँछौं, तब उहाँले हाम्रो भौतिक आवश्यकताहरू पूरा गर्नुहुन्छ।

डिसेम्बर ८: फिलिप्पी ४:६

वचन: "कुनै कुरा पनि चिन्ता नगर, तर हरेक कुरामा, प्रार्थना र निवेदनद्वारा धन्यवादसहित आफ्ना निवेदनहरू परमेश्वरलाई जानकारी गराऊ।"

व्याख्या: यो वचनले हामीलाई चिन्ता नगर्न, बरु हरेक परिस्थिति प्रार्थना र धन्यवादका साथ परमेश्वरको समक्ष ल्याउन सिकाउँछ। प्रार्थनाले हाम्रो हृदयमा शान्ति ल्याउँछ र चिन्तालाई हटाउँछ।

डिसेम्बर ९: प्रकाश २१:४

वचन: "र उहाँले उनीहरूको आँसुहरू सबै पुछेर लिनुहुनेछ; न मरण हुनेछ, न शोक, न करुणा, न पीडा हुनेछ; पहिलेका कुराहरू सबै गए।"

व्याख्या: परमेश्वरले हामीलाई अनन्त जीवनमा वाचा गर्नुहुन्छ, जहाँ कुनै पीडा, शोक, वा आँसु हुनेछैन। यो हामीलाई आशा दिन्छ कि वर्तमान दुःख र कष्टहरू अस्थायी छन्, र भविष्यमा परमेश्वरसँग अनन्त आनन्द छ।

डिसेम्बर १०: इफिसी २:१०

वचन: "किनकि हामी उहाँका सिर्जना हौं, जो मसीह येशूमा सुसङ्गठित कामहरूको निम्ति सिर्जना गरिएका छौं, जसलाई परमेश्वरले अघि नै तयार पार्नुभयो, कि हामी तिनीहरूमा हिँड्न सकौं।"

व्याख्या: हामी परमेश्वरको उत्कृष्ट कृति हौं, र उहाँले हामीलाई विशेष उद्देश्य र कार्यहरू पूरा गर्नको निम्ति सिर्जना गर्नुभएको छ। हाम्रो जीवनको अर्थ र उद्देश्य पत्ता लगाउन मसीहमा रहनु आवश्यक छ।

डिसेम्बर ११: यशैया ४१:१०

वचन: "डर नमान, किनकि म तिमीसँग छु; आश्चर्यचकित नपर, किनकि म तिम्रो परमेश्वर हुँ; म तिमीलाई बलियो पार्नेछु, म तिमीलाई सहयोग गर्नेछु, म मेरो धार्मिकता हुने दाहिने हातले तिमीलाई सम्हाल्नेछु।"

व्याख्या: परमेश्वरले हामीलाई कहिल्यै नछोड्ने र नत्याग्ने वाचा गर्नुहुन्छ। जब हामी उहाँको उपस्थितिमा विश्वास गर्छौं, तब कुनै पनि डर वा चिन्ताले हाम्रो मनमा स्थान पाउँदैन।

डिसेम्बर १२: मत्ती ११:२८

वचन: "हे सबै थकित र भारी बोझ भएका हो, ममा आओ, म तिमीहरूलाई विश्राम दिनेछु।"

व्याख्या: येशूले हामीलाई उहाँमाथि आउन निम्तो दिनुहुन्छ, विशेष गरी जब हामी थकित र बोझमा हुन्छौं। उहाँमा हामीले साँचो विश्राम र शान्ति पाउन सक्छौं, जुन संसारले दिन सक्दैन।

डिसेम्बर १३: भजन ४६:१

वचन: "परमेश्वर हाम्रो शरण र बल हो, मुसीबतमा साहस दिनुहुने साहसी सहयोग।"

व्याख्या: परमेश्वर हाम्रो सुरक्षा र साहसको स्रोत हुनुहुन्छ। जब हामी समस्यामा हुन्छौं, हामीले उहाँलाई शरणस्थान र मद्दतको रूपमा पाउन सक्छौं, जसले हाम्रो बल र साहस दिन्छ।

डिसेम्बर १४: "न्यायकर्ता ३:५-६

वचन: "परमप्रभुमा सम्पूर्ण हृदयले भरोसा गर; आफ्नो विवेकमा निर्भर नगर। तिमी आफ्ना सबै मार्गहरूमा उहाँलाई सम्झ, र उहाँले तिमीका मार्गहरूलाई सोझो पार्नेछन्।"

व्याख्या: हाम्रो आफ्नै बुद्धिमा निर्भर हुनु भन्दा, हामीले हरेक अवस्थामा परमेश्वरमाथि विश्वास गर्नुपर्छ। उहाँमा भरोसा गर्दा, उहाँले हाम्रो जीवनलाई सही दिशा दिनुहुन्छ।

डिसेम्बर १५: रोमी १२:१२

वचन: "आशामा आनन्दित रह; कष्टमा धैर्यवान रह; प्रार्थनामा निष्ठावान रह।"

व्याख्या: यो वचनले हामीलाई जीवनका विभिन्न अवस्थाहरूमा कसरी व्यवहार गर्नुपर्ने बताउँछ। हामीलाई आशाले खुशी हुनु, कष्टमा धैर्यवान हुनु, र सधैं प्रार्थनामा निष्ठावान रहन प्रोत्साहित गरिन्छ।

डिसेम्बर १६: यूहन्ना ८:१२

वचन: "तब येशूले फेरि तिनीहरूलाई भने, 'म संसारको ज्योति हुँ; जो मेरो पछि आउँछ, ऊ अन्धकारमा हिँड्ने छैन, तर ऊसँग जीवनको ज्योति हुनेछ।'"

व्याख्या: येशू हामीलाई मार्ग देखाउने ज्योति हुनुहुन्छ। जब हामी उहाँको पछि लाग्छौं, हामीले अन्धकारमा हिँड्न पर्दैन। उहाँले हाम्रो जीवनमा स्पष्टता र उद्देश्य

ल्याउनुहुन्छ ।

डिसेम्बर १७: गलाती ५:२२-२३

वचन: "तर आत्माको फल प्रेम, आनन्द, शान्ति, धैर्यता, दयालुता, भलाइ, विश्वासयोग्यता, कोमलता, आत्मसंयम हो ।"

व्याख्या: यी आत्माको फलहरू हाम्रो जीवनमा देखिनु पर्छ, यदि हामी साँचो रूपमा पवित्र आत्माको साथमा बाँचिरहेका छौं भने । यी गुणहरूले हाम्रो चरित्रलाई परिभाषित गर्छन् र अरूसँगको हाम्रो सम्बन्धलाई सुधार्छन् ।

डिसेम्बर १८: इफिसी ४:३२

वचन: "तर तिमीहरू एक अर्कासँग दयालु र करुणामय बन, एक अर्कालाई क्षमा गर, जसरी परमेश्वरले पनि मसीहमा तिमीहरूलाई क्षमा गर्नुभयो ।"

व्याख्या: हामीले अरूसँग दयालु र सहानुभूतिपूर्ण हुन सिक्नुपर्छ । परमेश्वरले हामीलाई मसीहमा जसरी क्षमा गर्नुभयो, त्यसरी नै हामीले पनि अरूलाई क्षमा गर्नुपर्छ ।

डिसेम्बर १९: भजन ९१:१-२

वचन: "जो सबैभन्दा उच्चको गुप्त स्थानमा बस्छ, ऊ सर्वशक्तिमानको छायामा रहनेछ । म परमप्रभुलाई मेरो शरण, मेरो किल्ला, मेरो परमेश्वर भनेर भन्दछु, जसमा म भरोसा गर्छु ।"

व्याख्या: परमेश्वरमा शरण लिनेहरूले उहाँको सुरक्षा र शान्तिको अनुभव गर्छन् । उहाँ हाम्रो बलियो किल्ला हुनुहुन्छ, जहाँ हामी हरेक खतराबाट सुरक्षित छौं ।

डिसेम्बर २०: यशैया २६:३

वचन: "उहाँले जसको मनमा उहाँमा स्थिर रहन्छ, उहाँलाई पूर्ण शान्तिमा राख्नुहुनेछ, किनकि ऊ उहाँमा भरोसा गर्छ ।"

व्याख्या: जब हाम्रो मन परमेश्वरमा स्थिर रहन्छ र हामी उहाँमाथि पूर्ण विश्वास गर्छौं, तब उहाँले हामीलाई साँचो र पूर्ण शान्ति दिनुहुन्छ ।

डिसेम्बर २१: २ कोरिन्थी ५:७

वचन: "हामी विश्वासमा हिँड्छौं, देखेकोमा होइन ।"

व्याख्या: हाम्रो यात्रा विश्वासमा आधारित छ, जसले हामीलाई देख्न सकिने चीजहरूको सीमाभन्दा पर लैजान्छ । हामीले परमेश्वरको वचनमा भरोसा गर्नुपर्छ, चाहे परिस्थिति कस्तोसुकै होस् ।

डिसेम्बर २२: यशैया ४३:२

वचन: "जब तिमी पानीबाट अघि बढ्छौ, म तिमीसँग हुनेछु र जब तिमी नदीबाट अघि बढ्छौ, तिनीहरूले तिमीलाई डुबाउने छैनन्; जब तिमी आगोबाट अघि बढ्छौ, तिमी पोलेको हुने छैन, न त ज्वाला तिमीमा जल्नेछ ।"

व्याख्या: परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुहुन्छ कि जीवनका सबै प्रकारका कठिन परिस्थितिहरूमा पनि उहाँ हाम्रो साथ हुनुहुनेछ । उहाँले हामीलाई हानीबाट रक्षा गर्नुहुन्छ र हामीलाई सुरक्षित राख्नुहुन्छ ।

डिसेम्बर २३: फिलिप्पी १:६

वचन: "म यस कुरामा निश्चय छु, कि जसले तिमीहरूमा राम्रो काम शुरू गर्नुभयो, उहाँले येशू मसीहको दिनमा यसलाई पूरा गर्नुहुनेछ ।"

व्याख्या: परमेश्वरले हाम्रो जीवनमा जे सुरु गर्नुभएको छ, उहाँले यसलाई पूर्ण गर्नको लागि सक्दो प्रयास गर्नुहुन्छ । उहाँले आफ्नो काम अधुरो छोड्नुहुन्न । यसले हामीलाई उहाँमाथि भरोसा गर्न प्रेरित गर्छ ।

डिसेम्बर २४: १ थेसलोनिकी ५:१६-१८

वचन: "सधैं आनन्दित रह; लगातार प्रार्थना गर; सबै परिस्थितिमा धन्यवाद दे, किनकि मसीह येशूमा परमेश्वरको तिमीहरूका लागि इच्छा यही हो ।"

व्याख्या: हामीलाई हरेक परिस्थितिमा आनन्दित, प्रार्थनापूर्ण र कृतज्ञ हुन प्रोत्साहित गरिन्छ । यी गुणहरूले हामीलाई जीवनमा साँचो खुसी र सन्तुष्टि दिन्छन् ।

डिसेम्बर २५: यूहन्ना ३:१६

वचन: "किनकि परमेश्वरले संसारलाई यति प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्रलाई दिनुभयो, कि जो कोही उहाँमा विश्वास गर्छ, ऊ नाश नहोस्, तर अनन्त जीवन पाओस् ।"

व्याख्या: यो परमेश्वरको महान प्रेमको अभिव्यक्ति हो । उहाँले हामीलाई अनन्त जीवन दिनको लागि आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । यो प्रेममा विश्वास गर्नेहरूले अनन्त जीवन पाउँछन् ।

डिसेम्बर २६: "न्यायकर्ता १८:१०

वचन: "परमप्रभुको नाम एक बलियो गढ हो; धर्मीहरू त्यसमा दौडन्छन् र सुरक्षित हुन्छन् ।"

व्याख्या: परमेश्वरको नाममा ठूलो शक्ति र सुरक्षा छ । जब हामी उहाँको नाममा शरण लिन्छौं, हामीले सुरक्षित र संरक्षित महसुस गर्छौं ।

डिसेम्बर २७: रोमी १५:१३

वचन: "अब आशाको परमेश्वरले तिमीहरूलाई सम्पूर्ण आनन्द र शान्तिमा विश्वासमा पूर्णतः भरिपूर्ण पारून्, ताकि

पवित्र आत्माको शक्ति द्वारा तिमीहरू आशामा परिपूर्ण रह ।"

व्याख्या: यो प्रार्थना हो कि परमेश्वरले हाम्रो जीवनमा आनन्द, शान्ति, र आशा भरिदिनुहोस् । पवित्र आत्माको शक्ति द्वारा हामीले यी सबै अनुभव गर्न सक्छौं ।

डिसेम्बर २८: २ तिमोथी १:७

वचन: "किनकि परमेश्वरले हामीलाई डरको आत्मा दिनुभएको छैन, तर शक्ति, प्रेम, र आत्मसंयमको आत्मा दिनुभएको छ ।"

व्याख्या: हामीलाई डराउनु पर्दैन, किनकि परमेश्वरले हामीलाई शक्ति, प्रेम, र आत्मसंयमको आत्मा दिनुभएको छ । यसले हामीलाई साहस र आत्मविश्वासमा बाँच्न प्रेरित गर्छ ।

डिसेम्बर २९: हिब्रू ११:१

वचन: "विश्वास भनेको आशा गरिएका कुराहरूको विश्वास, देखिएका कुराहरूको प्रमाण हो ।"

व्याख्या: विश्वासले हामीलाई आशा र प्रमाण दिन्छ, यद्यपि हामीले ती कुराहरू देख्न सक्दैनौं । यसले हामीलाई भगवानमा विश्वास गर्न र उहाँका वचनहरूमा अडिग रहन सिकाउँछ ।

डिसेम्बर ३०: यशैया ५५:६

वचन: "जब सम्म उहाँ पाइन्छ, तब सम्म परमप्रभुलाई खोज; उहाँ नजिक हुनुहुन्छ भने उहाँलाई पुकार ।"

व्याख्या: हामीले परमेश्वरलाई आफ्नो जीवनमा सक्रिय रूपमा खोज्नुपर्छ । उहाँको नजिक रहँदा, उहाँले हामीलाई मार्गदर्शन र शान्ति दिनुहुन्छ ।

हार्दिक शुभकामना

हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२५ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल खीष्टियन हेराल्ड परिवार

तथा

प्रेरणा मण्डली परिवार

ठमेल, काठमाडौँ

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी, दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, नेपाल खीष्टियन हेराल्ड ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta